श्री सुन्दर सामुदायिक वन उपभोक्ता समुह

विजयनगर गा.पा-२, कपिलवस्तु

राम प्रकट कोरी
अध्यक्ष

काठ/दाउराको बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०८

सुन्दर सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्र बाट आ.व.२०८२/०८३ मा उत्पादित समुह बाहिर लिलाम विक्रिका लागि सहमति प्राप्त सा.व.को घाटगद्दीमा रहेको काठ तथा दाउरालाई लट नं. १ कायम गरी निम्न जात र परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका वन पैदावारमा अधारित संचालनमा रहेका उद्योग / सःमिल/ फर्महरुले मात्र यो सुचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१औं दिन भित्रमा बोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदवारको विवरण

सि.नं.	लट नं.	जात	ग्रेड	थान	परिमाण (क्यू.फि.)	न्यूनतम मुल्य रु	संकलन खर्च रु.	धाङ्
१	१/०८३/०८४	साल	A	१४	२८२.८१	३५३५१२.५०	४२१३८.६९	पुनरुत्पादन कटान तर्फ धाङ नं. १ तथा साल जातको दाउरा ४.२५ चट्टा (आ.व.२०८२/०८३ को उत्पादन)
		साल	B	८	८६.१५	७७५३५.००	१२८३६.३५	
		साल	C	६०	२८७.६	१७२५६०.००	४२८५२.४	
		साल	D	११	१६.०४	४८१२.००	२३८९.९६	
		साल Total		९३	६७२.६०	६०८४१९.५०	५४९७५.०४	
		साल	दाउरा		४.२५ चट्टा	५१०००.००	७०५०७.५	
		कुल जम्मा	९३		६७२.६	६५९४१९.५०	१२५४८२.५४	

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०८/२८ (ख) समय :- ४:०० वजे सम्म । (२१ औं दिन सार्वजनिक विदा परेमा २२ औं दिनको सिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरि बोलपत्र दाखिला गर्नु पर्नेछ)।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०८/२९ (२२ औं दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट बोलपत्र दाखिला गर्नु पर्नेछ) ।

(ख) समय :- दिनको ठीक २:०० वजे सम्म ।

(३) बोलपत्र फारम लट नं.१ को रु १००० को दरले पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय चन्द्रौटामा रहेको नेपाल बैक लिमिटेड, चल्ती खाता नं. २२८००१०७२१७८६१०००००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस **सुन्दर** सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(६) संघिय वन नियमावलीको नियम २५ (३) बमोजिम वन पैदावारमा आधारित उद्योग र सोही नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत उद्योगहरु मध्ये लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी , कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सुचिकृत भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु **मिति २०८३/०९/०१ गते दिनको** २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भए पश्चात यथाशिघ्र छिटो सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

११) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

(१२) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

(१४) टेण्डर फारममा टिपेक्सको प्रयोग गर्न पाईने छैन । टिपेक्स प्रयोग भएका टेण्डरहरु रद्द गरिने छ ।

(१५) बैंक बाट जारी भएको बैंक जमानत पत्र सक्कल प्रति पेश हुनुपर्ने छ । फोटोकपी, स्क्यान प्रति पेश भएमा मान्य हुने छैन ।

राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

बुटवल टुडे

साझा विचार, ताजा समाचार

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष १५ । अंक ३४ । मंगलबार । ८ मंसिर २०८३ । Tuesday 24 November । 2026 । पृष्ठः ४ । मूल्यः १० रुपैयाँ

अनुसूची-१४

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०८/०८

सुन्दर सामुदायिक वन उपभोक्ता समूह, विजयनगर गा. पा.-०२, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ. व. २०८२/०८३ मा संकलन गरी उत्पादन भएका समुह बाहिर लिलाम विक्रिको लागि सहमति प्राप्त काठ / दाउरा सा. व. उ. स. को घाटगद्दीमा लट नं. १ कायम गरी राखिएको साल जातको गोलिया थान ९३ को ६७२.६० क्यु. फि. काठ र साल जातको दाउरा ४.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित उद्योग/सःमिल/फर्महरुले यो सुचना प्रकाशन भएको मितिले २१ औं दिन सम्ममा बोलपत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह

विजयनगर गा. पा.-०२, कपिलवस्तु